सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ३३४ ♦ २०८२ साल साउन ३ गते शनिवार ♦ 19 July 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेसमा बढ्यो सुख्खा क्षेत्र, अध्ययन गर्न टोली परिचालन




**खबर दर्पण समाचारदाता**

**साउन २ गते, बर्दिवास**

मधेस प्रदेशका ८ जिल्लाहरूमा सुख्खाका कारण धान रोपाइँ हुन नसके पछि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले मधेस प्रदेशका ८ वटै जिल्लामा टोली पठाउने भएको छ। हालको अवस्था , समस्या समाधानका लागि गर्न सकिने तत्कालीन र दीर्घकालीन उपाय र विकल्प अध्ययन गर्न कृषि प्राविधिकको टोली पठाउने निर्णय भएको हो ।

टोली आइतबार सो क्षेत्रमा पुग्ने छ । शुक्रवार कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीले मन्त्रालय र मातहतका कर्मचारीहरू सँग छलफल गरी तुरुन्तै सो क्षेत्रमा टोली पठाउन निर्देशन दिनु भएको हो । मन्त्री अधिकारीको निर्देशन अनुसार प्रत्येक जिल्लामा केन्द्र वाट २२२ जनाको दरले टोली पठाउने निर्णय भएको हो। टोलीले मधेस प्रदेशमा रहेका मन्त्रालय अन्तर्गतका कार्यक्रम र आयोजनाका कर्मचारीहरू सँग पनि समन्वय गर्ने छ । मधेस प्रदेश सरकारले लामो समय सो क्षेत्रमा पानी नपर्दा खाने पानीको समेत अभाव भएको र धान रोप्ने अवस्था समेत नभएको भन्दै केही दिन अघि सुख्खा ग्रस्त क्षेत्र घोषणा गरेको थियो ।

मन्त्री अधिकारीले अबको केही दिन भित्र वर्षा नभएको अवस्थामा तिनै तहको सरकार ले विकल्प खोज्नु पर्छ , मन्त्रालय मातहतका सबै निकायहरू लाई यस तर्फ लगाउनु पर्छ , भन्नुभयो । हाल रहेका सिँचाइका संरचनाहरूलाई पुर्ण रुपमा सञ्चालन गरी , सिचाइका लागि अन्य विकल्पहरू के के हुन सक्छन् सम्बन्धित निकायहरू सङ्ग छलफल गरी तत्कालीन र दीर्घकालीन निर्णय गरिने मन्त्री अधिकारीले जानकारी दिनुभयो ।

मधेसका ८ जिल्लामा हाल सम्म करिब ४६ प्रतिशत रोपाई सम्पन्न भएको मधेस प्रदेश कृषि मन्त्रालयले जनाएको छ ।

## पूर्वपश्चिम राजमार्ग विस्तार सुस्त

### कमला-पथलैया सडक खण्डको छ महिनामा १० प्रतिशत काम



**खबर दर्पण समाचारदाता**

**साउन २ गते, बर्दिवास**

गत पुस १७ गतेदेखि काम सुरु गरिएको पूर्वपश्चिम राजमार्ग विस्तार अन्तर्गत कमला-पथलैया खण्डको छ महिनामा १० प्रतिशत काम भएको छ । सन् २०२७ सम्ममा चार लेनको सडक निर्माण गर्ने उद्देश्यसहित छ महिनामा १० प्रतिशत काम पूरा भएको कमला-ढल्केबर-पथलैया सडक योजना पूर्वीखण्डले जनाएको छ । आयोजनाका प्रमुख छविलाल पौडेलले सुरुमा साइट क्लियर गर्नै मुस्किल परेकाले काममा ढिलाइ भएको बताउनुभयो । उहाँले भन्नुभयो, “वन क्षेत्रमा रुख छोडेर काम गरिएको छ । कमला नदीदेखि पथलैयासम्म १३० किलोमिटरमध्ये अहिलेसम्म धनुषा, महोत्तरी र सर्लाहीमा मात्रै काम भइरहेको छ ।”

रौतहट र बाराखण्डमा राजमार्ग विस्तारका लागि ठेक्का लाग्न सकेको छैन । धमाधम विस्तार भइरहेको राजमार्गको कमलादेखि पथलैयासम्म १३० किलोमिटर सडकको दायाँबायाँका रुख व्यवस्थापनका लागि बल्ल स्वीकृति आएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो “रुख कटान गरेपछि कामले गति लिने छ ।”

वन तथा भूसंरक्षण विभागले असार २३ गते स्वीकृत परिमार्जित वातावरणीय व्यवस्थापन योजनाबमोजिम ३१ हजार ५२९ वटा रुख हटाउन महोत्तरीको गौरीडाँडास्थित कमला-ढल्केबर-पथलैया सडक आयोजनामा पत्राचार गरेको छ । आयोजनाले रुख कटानकै लागि लामो समयदेखि प्रयास गर्दै आएको थियो । २०८१ सालमै वातावरणीय अध्ययन प्रतिवेदन (इआइए) स्वीकृति भए पनि कटान आदेश बल्ल आएको हो । सर्लाहीका डिभिजन वन प्रमुख सन्तोषकुमार झाले वन तथा भू-संरक्षण विभागले स्वीकृति दिए पनि कटानअघि रुखमा टाँचा हान्नेलगायतका प्रक्रिया बाँकी रहेकाले थप केही समय लाग्ने छ ।

पूर्वपश्चिम राजमार्ग अन्तर्गत पूर्वी खण्डको विश्व बैङ्कको १८ अर्ब ६० करोड रुपियाँ ऋण सहयोगमा विस्तारको काम चलिरहेको हो । एसियाली मापदण्ड अनुसार सहरी तथा बजार क्षेत्रमा छ लेनसहित ३१ मिटर फराकिलो पार्ने र त्यसबाहेकका ठाउँमा मेडियनसहित १८ मिटर चौडाइको चार लेनमा स्तरोन्नतिको कामका लागि ठेक्का सम्झौता भएको हो । सडक विस्तारका लागि धनुषा र सिराहाको सीमा कमला पुलदेखि धनुषाको बडहरीसम्म इकेके इन्फ्रास्ट्रकचर लिमिटेड इन्डियाले तथा दोस्रो र तेस्रोमा पर्ने धनुषाको बडहरीदेखि सर्लाहीको फूलजोर र फूलजोर देखि सर्लाही र रौतहटको सीमा बागमती पुलसम्मको खण्डमा चाइनिज कम्पनी एसडब्लु इजे र रसुवा कन्स्ट्रक्सन कम्पनी आर सिसी ज्वाइन्ट भेन्चरले काम गरिरहेका छन् । छ महिनाको अवधिमा १५ प्रतिशत काम भइसक्नुपर्नेमा रुख, बिजुलीका पोल, खानेपानीका पाइप, टेलिफोन तथा इन्टरनेटका तार व्यवस्थापनलगायतका कारण

*बाँकी पृष्ठ ३ मा*

## बर्दिवास सानाशहरी खानेपानी संस्थाले ४८ लाख महसुल उठायो

**खबर दर्पण समाचारदाता**

**साउन २ गते, बर्दिवास**

बर्दिवास सानाशहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले महसुल नतिर्ने

*बाँकी पृष्ठ ३*




**शिरीष अफसेट प्रेस**

**बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी**

- ✓ पत्रिका
- ✓ क्यालेण्डर
- ✓ रजिष्टर, डाइरी
- ✓ किताब
- ✓ परीक्षा कपी
- ✓ पर्चा पम्पलेट
- ✓ बिल, भाउचर,



- ✓ स्क्रिन प्रिन्ट
- ✓ विवाह कार्ड
- ✓ प्रमाण पत्र
- ✓ भिजिटिङ्ग कार्ड
- ✓ झोला प्रिन्ट
- ✓ रबर स्टाम्प




- ✓ फ्लेक्स प्रिन्ट
- ✓ ब्यानर प्रिन्ट
- ✓ होर्डिङ्ग बोर्ड
- ✓ स्टिकर
- फाइल




साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# शनिवारीय साहित्य

## किसानलाई सम्मान गरौं



हिलो र वर्षा नभनी यहाँ पसिना छर्दछन्
माटो नै कर्म मानेर अनि श्रम ती गर्दछन् ।
पत्थरबाट छुटाई माटो सुनमा फेर्दछन्
किसानहरू सबैको माया छातीमा बेर्दछन्।
मुखमा गाँस घरमा वास कृषिले दिने हो
भाग्यको भर पर्नु नै हुन्न श्रम लेखिने हो ।
नहुने भए किसान यहाँ कसरी खाने हो
कृषिको देश भनेर आज के श्रेय लाने हो ।
उत्तम बीज उत्तम मल हालेर बारीमा
किसान रम्छन् देशमा बसी जादैनन् खाडीमा ।
देशको माया किसान जति गर्दैन कसैले
जोगाई कृषि प्रविधियुक्त बनाऔं सबैले ।
मल र बीज बेलामै पुरा देऊ न सरकार
मानिस आफ्ना किसान हाम्रा मान न सरकार ।
सम्मान गरे किसानलाई सम्मान पाइन्छ
भावना भए सद्भाव पनि बाँडेरै पाइन्छ ।
कृषिको देश कृषिमा देश देशको सर्कार
किसान निधि देशका हुन् ती राख न दर्कार
पाप र पुण्य कर्मले बोल्छ कर्म नै ठूलो हो
किसानपीडा सम्बोधनको धर्म नै ठूलो हो।

**-सुजन पोखेल**
**उमा सदन,बर्दिवास १ महोत्तरी**

**हेलमेट लगाउनुहोस् - जीवनको रक्षा गर्नुहोस् ।**

"साइकिल या बाइक चलाउँदा हेलमेट अनिवार्य हो। यसले तपाईको जीवनको रक्षा गर्छ।"

**यातायात व्यवस्था सेवा केन्द्र वर्दिवास, महोत्तरी**

## महादेव



श्रावणको पावन बेला,
गुञ्जियो शिव नाम,
शिवालयको अङ्गनादेखि,
गुञ्जाओ हर्षधाम।
भक्त हृदय पीडाले,
बिथोलिएको बेला,
शिवशरण पुग्दा फेरि,
आँशुले लेख्यो मेला।
नाङ्गे खुट्टा काँडा बाटो,
मनमा गङ्गाजल,
महादेवको चरण छुँदा,
बग्छ प्रेमको जल।
नीलकण्ठ शंकर प्रभु,
संकटका सहारा,
श्रावण मास पुकार छ,
ओम् नमः शिवाय सारा।
भस्मले पोतिएको जिउँ,
त्रिशूलको तेज अपार,
शिवदर्शनले पग्लन्छन्,
पापी मनका भार।
तिम्रो ध्यानमा लिप्त रहूँ,
मोह माया टाढा,
श्रावण सोमबारभरि,
शिवभक्ति रहो गाढा।
हर हर महादेव गुन्जियोस्,
हृदयभरिको स्वर,
शिव बिना यो जीवन,
अध्यारो सुनसान डगर।
शिवशंकरको नाम जपी,
पवित्र बनोस् मन,
शान्ति, प्रेम, मुक्ति मिलोस्,
उज्यालो होस् जीवन।

**- जगदीप साह कलवार**
**श्री प्रसाद सिंह माध्यमिक विद्यालय**
**औरही नैनिगौरी-०२, महोत्तरी**

## तिमीलाई चिठी

तिमी पर हुँदा
अतालिन्छ यो मन
नजिक आउँदा
चन्द्रमा चुम्छ यो मन
बिर्सेको छैन प्रिय !
संगै दन्तकाली र बुढा सुब्बा घुमेको
पन्चकन्या र यामु पाथीभरा पूजेको
मायाको कसम खाएर
त्यो पिपलको रुख सङै पिरति गाँसेको
तिम्रै स्वागत गर्न भनेर
धरान बजार पुगेको
हो प्रिय !
तिमी आयौ ,स्वर्ग लिएर
जीवन रंगीन बनाएर
कहाँ बिर्सनु र!
संगै गाँसगाँस बाँडेर खाएको
तिम्रो छातीलाई सिरानी बनाएको
अनि मायाको बिउ रोपेर
दुई मुटु एउटै धड्कन बनाएको।
बिर्सेका हौ र !
पिण्डेश्वरमा महादेव साक्षी राखेर
जति जन्म भए पनि संगै हुन पाँउ भनेर
कसम खाएको
कठै छुट्टिने बेला
त्यो भक्कानिएको मुटु
गह भिजेका आँखा
हात हल्लाउदै तिमीलाई
बिदा गरेको ।
थाहा छ नि तिमीलाई
हाम्रो मायाप्रेम
मात्र मुटुमा टुसाएको
भगवानको प्रसाद भनेर।

**- सुजाता राई**

## नखोज्नु है मलाई बसन्त ऋतुको हरियालीमा



म त उजाड मरुभुमिमा हराई सकेछु
नसम्झिनु है मलाई कुनै खुशियालीमा
म त दुःख र आँशुको सागरमा पो डुबि सकेछु
नखोज्नु है मलाई पूर्णिमाको जुनेली रातमा
म त ५५ डिग्रीको घाममा जल्न पुगेछु
नखोज्नु है मलाई हजारौं दुनियाँको भिडमा
म त बालुवै बालुवाको मरुभुमी मा पुगी सकेछु
नखोज्नु है मलाई बिहानीको सुस्तरी पवनमा
म त समुन्द्री आँधिमा बडारीन पो पुगी सकेछु
नखोज्नु है मलाई वरपिपलको छहारीमा
म त रुखै नभएको मरुभुमीमा पो मडारिन पुगी सकेछु
नखोज्नु है मलाई जन्मभुमिको कुना कुनामा
म त गाउँ घर छाडी समुन्द्र तरी पराइ बनि सकेछु
नखोज्नु है मलाई पहिलाको गाउँ घरको ठेगानामा
म त अब परदेशी पो भैसकेछु, परदेशी पो भैसकेछु

**- सुजन श्रेष्ठ**
**रामनगर -१**




## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# नेपालको भुमी भारतको विरुद्ध प्रयोग हुन दिदैनौ : मन्त्री भण्डारी




**खबर दर्पण समाचारदाता**
**साउन २ गते, बर्दिवास**

नेपाल सरकारका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री सरद सिंह भण्डारीले नेपालको भूमि कुनै पनि हालतमा भार तविरुद्ध प्रयोग हुन नदिने बताएका छन्।

मन्त्री भण्डारीले नेपाल र भार तबीचको सम्बन्ध आजको मात्रै नभई त्रेतायुगदेखि चलिआएको गहिरो ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्बन्ध भएको उल्लेख गर्नुभयो।

महोत्तरी को जलेश्वरमा नेपाल भारत मैत्री संघको आयोजनामा नेपाल भारत सम्बन्ध हिजो आज र भोलि विषयको निबन्ध प्रतियोगिताका विद्यार्थीहरुलाई पुरुस्कार वितरण कार्यक्रममा मन्त्री भण्डारीले यस्तो बताउनुभयो ।

मन्त्री भण्डारीले "नेपाल र भार त बीचको सम्बन्ध राम-सीताको सम्बन्धदेखि सुरु भएको र यस्तो ऐतिहासिक सम्बन्धलाई अझै मजबुत बनाउन युवा पुस्ताले भूमिका खेल्नुपर्ने बताउनुभयो ।" उहाँले नेपाल र भारतबीचको खुला सीमाले दुवै देशबीचको आत्मीय सम्बन्धलाई झन प्रगाढ बनाएको समेत उल्लेख गर्नुभयो।

नेपाल भारत मैत्री संघका प्रदेश अध्यक्ष लभ राजा सिंहको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा "नेपाल-भारत सम्बन्ध : हिजो, आज र भोलि" विषयक निबन्ध प्रतियोगिता धनुषा र महोत्तरी जिल्लाका विद्यालयका विद्यार्थीहरूबीच आयोजना गरिएको थियो। प्रतियोगितामा सहभागी भई प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने ४२ जना विद्यार्थीहरूलाई साइकल र प्रमाणपत्र प्रदान गरिएको हो ।

# मटिहानीको सिमरदहीमा निःशुल्क स्वास्थ्य शिविर संचालन

**खबर दर्पण समाचारदाता**
**साउन २ गते, बर्दिवास**

मटिहानी नगरपालिका र नेपाली श्री सेनाको गोरखनाथ गण परि कौलीको संयुक्त आयोजनामा मटिहानी नगरपालिका वडा नं. ९ सिमरदहीमा एक दिने निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरि एको छ।

स्वास्थ्य सेवा पहुँचबाट टाढा रहेका स्थानीय बासिन्दालाई लक्षित गरी आयोजित उक्त शिविरमा जेनरल फिजिसियन, स्त्री रोग, बालरोग, कान-नाक-घाँटी तथा दन्त रोग विशेषज्ञहरूले स्वास्थ्य सेवा प्रदान गरेका थिएशिविरमा नेपाली सेनाको फील्ड अस्पताल बर्दिबास र प्रादेशिक अस्पताल जलेश्वर, महोत्तरीले प्राविधिक सहयोग पुऱ्याएका थिए।

नगर प्रमुख मण्डलले स्वास्थ्य शिविरबाट गाँउका गरीब, असहाय तथा आर्थिक रूपमा उपचार गराउन नसक्ने नागरिकहरूलाई निःशुल्क स्वास्थ्य जाँच गराउन



सहयोग पुग्ने विश्वास व्यक्त गर्दै यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने धारणा राख्नुभयो। त्यस्तै, स्थानीय मोख्तार राइनले "स्वास्थ्य सेवा गाँउमै पाउँदा निकै राहत महसुस भएको छ" भन्दै आयोजकप्रति आभार प्रकट गर्नुभयो।स्वास्थ्य सचेतना अभिवृद्धि र प्राथमिक उपचार सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले सञ्चालन गरिएको यो शिविरले स्थानीय समुदायमा सकारात्मक सन्देश दिएको सहभागीहरूको प्रतिक्रिया रहेको छ।

शिविरको औपचारिक कार्यक्रममा मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डल, प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद रिसाल, नगर उप-प्रमुख मंजु देवी साह, नेपाली सेनाको श्री गोरखनाथ गण प्रकौलीका सेनानी बिनोद बिकास पाठक, प्रहरी उपरीक्षक हेरम्ब शर्मा, राष्ट्रिय अनुसन्धान कार्यालय महोत्तरीका उप-अनुसन्धान निर्देशक चन्दन झा, वडा नं. ९ का अध्यक्ष मदन चौधरी, पत्रकार महासंघ महोत्तर ीका अध्यक्ष महेश दास, स्वास्थ्य शाखा प्रमुख पवन कुमार मंडल, महिला स्वास्थ्य स्वयंसेविकाहरू, नेपाली सेनाका टोली, पत्रकार, समाजसेवी तथा स्थानीय जनप्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

## औरही नगरपालिकामा ....

प्रवर्द्धन, वातावरणीय चेतना अभिवृद्धि तथा जलवायु परि वर्तनको प्रतिरोधमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। स्थानीय युवा, विद्यालयका विद्यार्थी, महिला समूह, कर्मचारी तथा सामाजिक संस्थाको सक्रिय सहभागिताले कार्यक्रम उत्साहजनक र ऊर्जावान बनेको थियो।

नगरपालिकाले यस्ता कार्यक्रमलाई नियमित रूपमा सञ्चालन गर्दै वातावरण संरक्षणमा समुदायको सहभागिता अभिवृद्धि गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

## पूर्वपश्चिम राजमार्ग...

१० प्रतिशत काम मात्रै पूरा भएको आयोजना प्रमुख पौडेलको भनाइ छ ।

पौडेलले भन्नुभयो, "धेरै जसो ठाउँमा रुख कटानको समस्याले हैरान पारेको छ । अवरोध नरहेको र साइट क्लियर रहेको ठाउँमा त तीव्रताका साथ काम गरिरहेका छौं ।" रुखले गर्दा ठेकेदार कम्पनीले सडक स्तरोन्नतिलाई थाती राख्दै नयाँ पुल निर्माणमा हात हालेका छन् । कमला-बागमती पूर्वी खण्डमा ३४ पुल र एक सय वटा कलभर्ट निर्माण गर्नुपर्नेमा १५ पुल र १७ वटा कलभर्टमा मात्र काम गर्न सकिएको छ ।

सर्लाहीमा सबैभन्दा पहिले काम सुरु गरिएको लालबन्दी-१ स्थित बागवानी जङ्गलमा कलभर्ट निर्माणको काम पूरा भइसकेको छ ।

कमलादेखि बागमतीसम्म सर्लाहीकै लालबन्दीमा पहिलो 'ओभरपास' निर्माणको काम एक साताेदेखि जारी छ ।-गोरखापत्र

## बर्दिवास सानाशहरी खानेपानी संस्थाले ................

उपभोक्ताहरूमाथि कारबाही स्वरूप सुरु गरेको 'धारा काट्ने अभियान' बिहीबार सम्पन्न भएको छ। असार १८ गतेदेखि सुरु भएको उक्त अभियानले संस्थालाई करिब ४८ लाख रुपैयाँ महसुल उठाउन सफल भएको छ।

संस्थाका अनुसार शुरुमा ३१२ जना उपभोक्ताको नाममा महसुल बक्यौता थियो, जसअन्तर्गत करिब १५ लाख रुपैयाँभन्दा बढी लामो समयदेखि महसुल असुल हुन नसकेको थियो। अभियान थालेसँगै बक्यौता तिर्नेहरूको संख्या क्रमशः बढ्दै जाँदा महसुल नतिर्ने उपभोक्ताको संख्या घटेर २८९ जना पुगेको हो।

पाँच चरणमा धारा काट्ने काम खानेपानी संस्थाले १ लाखभन्दा बढी बक्यौता रहेका उपभोक्ताबाट सुरु गर्दै पाँच चरणमा क्रमशः ७५ हजारदेखि १ लाख, ५० हजारदेखि ७५ हजार, २५ हजारदेखि ५० हजार र १५ हजारदेखि २५ हजारसम्म बक्यौता रहेका उपभोक्ताको धारा काटेको थियो।

हाल तीन महिनासम्म १५ हजार भन्दा बढी बक्यौता राखेका उपभोक्ताको धारा भने अझै नकटाइएको संस्थाले जानकारी दिएको छ।

### केही उपभोक्ता सम्पर्कविहीन, केहीले घर बिक्री गरेर हिँडे

अभियानका क्रममा धारा काट्न गएका कर्मचारी र सञ्चालक समितिका टोलीले पहिल्यै धारा काटिएको, उपभोक्ता सम्पर्कमा नरहेको, घर बिक्री गरेर गइसकेको, मृत्यु भइसकेकोजस्ता विभिन्न अवस्थाहरू पाएका थिए। यस्तो अवस्थाका उपभोक्ताको संख्या २० रहेको छ भने १५ जना उपभोक्ता सम्पर्कविहीन रहेको संस्थाले जनाएको छ।

### धारा पुनः जडान गर्नेको संख्या ११४

धारा काटिएपछि महसुल तिर्ने तथा किस्तामा रकम बुझाएर भाखा लिने गरी धारा पुनः जडान गराउने उपभोक्ताको संख्या ११४ रहेको छ। कतिपय उपभोक्ताले तत्कालै सम्पूर्ण र कम तिरेर सेवा पुनः सुचारु गराएका छन् भने केहीले बक्यौताको ५०% वा २५% तिरेर बाँकी रकम किस्ताबन्दीमा तिर्ने सर्तमा धारा जडान गराएका छन्।

### ४७ लाख ९६ हजार रुपैयाँ उठ्यो, अझै २३ लाख चेकमार्फत प्रतिबद्धता

संस्थाका व्यवस्थापक भवनाथ खतिवडाका अनुसार अहिलेसम्म अभियानबाट जम्मा ४७ लाख ९६ हजार २५५ रुपैयाँ नगद महसुल उठाइएको छ भने थप २३ लाख ५४ हजार २२७ रुपैयाँ असोज मसान्तभित्र बुझाउने सर्तमा चेकमार्फत महसुल तिर्ने प्रतिबद्धता जनाइएको छ।

### ६ हजार उपभोक्तामध्ये २५९ को धारा काटियो

संस्थाका अनुसार हाल ६ हजार उपभोक्ता रहेका छन्। तीमध्ये २५९ जनाको धारा काटिएको हो। बाँकी केही उपभोक्ता सम्पर्कमा आउने क्रममा रहेको जानकारी संस्थाले दिएको छ।

खानेपानी सेवा दिगो बनाउन उपभोक्ताले नियमित रुपमा महसुल बुझाउनु अनिवार्य रहेको व्यवस्थापक खतिवडाले जनाउँदै चेतावनी दिएका छन्– "भविष्यमा पनि यदि महसुल समयमा नबुझाइयो भने फेरि यस्तै कडाइ गरिनेछ।"

स्थानीय तहमा उपभोक्तामैत्री सेवा प्रवाहको नमूना स्वरूप देखिएको यो अभियानले नगर वासीबीच जिम्मेवार नागरि कताको अभ्यास र सार्वजनिक सेवा उपभोगमा अनुशासन कायम गर्न सघाउने विश्वास लिइएको छ।


# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# प्राविधिक शिक्षासँग जोड्न श्री राम माध्यमिक विद्यालयका २७ जना विद्यार्थीलाई ल्यापटप वितरण

**खबर दर्पण समाचारदाता**

**साउन २ गते, बर्दिवास**

मटिहानी नगरपालिका वडा नं. ८ मा रहेको श्री राम माध्यमिक तथा प्राविधिक विद्यालयमा अध्ययनरत कक्षा ११ का २७ जना प्राविधिक धारका विद्यार्थीहरूलाई ल्यापटप वितरण गरिएको छ।

शैक्षिक सत्र २०८१ मा प्राविधिक शिक्षामा नामाङ्कन गरिएका विद्यार्थीहरूलाई प्रविधिसँग जोड्ने उद्देश्यले उक्त ल्यापटप गरिएको हो।उक्त ल्यापटप वितरण कार्यक्रम महोत्तरी क्षेत्र नं. ३ का प्रतिनिधिसभा सांसद एवं लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा) का राष्ट्रिय अध्यक्ष महन्थ ठाकुर, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत सिंह भण्डारी र मटिहानी नगर पालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले संयुक्त रूपमा वितरण गर्नुभयो ।

पालिकाका अनुसार नगरपालिकाको नगरस्तरीय योजना अन्तर्गत जोर कोषमा आधारित dell कम्पनिका Intel 13th Generation का ल्यापटप विद्यार्थीहरूलाई प्रदान गरि एको हो।



ल्यापटप प्राप्त गरेका छात्र असजद राजाले, “हामीलाई अब अनलाइन कक्षा गर्न सजिलो हुने, साथै प्राविधिक विद्यार्थी भएकाले कोडिङजस्ता अभ्यासमा पनि सहजता हुने” भन्दै पालिका परि वारप्रति आभार व्यक्त गरे।

त्यस्तै छात्रा काजल ठाकुरले पनि प्राविधिक विषयमा अभ्यास गर्न सजिलो हुने र अध्ययनमा सहयोग पुग्ने भन्दै खुशी व्यक्त गरिन्।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत सिंह भण्डारीले विज्ञान र प्रविधिको युगमा विद्यार्थीहरूलाई प्राविधिक शिक्षामा जोड्नु भनेको देशको दक्ष जनशक्ति निर्माणमा सहयोग पुग्ने ठोस आधार भएको बताउनुभयो।

शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीले यस्तो प्रविधिमैत्री पहलले विद्यार्थीहरूलाई व्यवहारिक शिक्षातर्फ आकर्षित गर्ने बताउँदै विद्यालय र नगरपालिकाको सहकार्यमा अझ प्रभावकारी योजना अगाडि बढाउने आश्वासन दिनुभयो।

नगर प्रमुख श्री हरि प्रसाद मण्डलले, “यो ल्यापटपले प्राविधिक धारका विद्यार्थीलाई प्रविधिसँग जोड्ने कोसेढुङ्गाको काम गर्नेछ” भन्ने विश्वास व्यक्त गर्नुभयो।

सांसद तथा लोसपाका अध्यक्ष महन्थ ठाकुरले भने, “देशको विकासका लागि युवाहरूलाई प्राविधिक शिक्षामा अगाडि बढाउनु आवश्यक छ। ल्यापटप वितरण जस्ता कार्यक्रमले विद्यार्थीमा नयाँ सोच र उत्साह थप्नेछ।”

कार्यक्रममा मधेश प्रदेश सरकार की शिक्षा तथा संस्कृति मन्त्री र ानी शर्मा तिवारी, प्रदेश सभाका नेता जैनुल राइन, महोत्तरीका प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद रिसाल, जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक हेरम्ब शर्मा, राष्ट्रिय अनुसन्धान कार्यालय महोत्तरीका उप-अनुसन्धान निर्देशक चन्दन झा, प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मा, वडा नं. ३, ४, ६, ७, ८ र ९ का वडा अध्यक्षहरू, या.ल.ना. विद्यापीठका प्राचार्य हेम नारायण कर्ण, पत्रकार महासंघ महोत्तरीका अध्यक्ष महेश दास, महोत्तरी उद्योग वाणिज्य संघका उपाध्यक्ष अजय कुमार साह, पूर्व अध्यक्ष मोहन प्रसाद गुप्ता, कार्यपालिका सदस्य, वडा सदस्यहरू, लोसपाका नगर अध्यक्ष श्याम कुमार मण्डल, नेकपा माओवादीका उमा शंकर साह, नेकपा एमालेका जुगेश्वर खतवे, विभिन्न शाखाका प्रमुखहरू, अभिभावक, विद्यार्थीहरू लगायतको उल्लेखनीय उपस्थिति रहेको थियो।

कार्यक्रमले मटिहानी नगर पालिकाले शिक्षा र प्रविधिमा दिएको प्राथमिकताको उदाहरण प्रस्तुत गरेको छ।

# औरही नगरपालिकामा वृक्षारोपण



**खबर दर्पण समाचारदाता**

**साउन २ गते, बर्दिवास**

“संरक्षण प्रकृतिको, सुरक्षा सन्ततीको“ भन्ने मूल नारा सहित औरही नगर पालिकाले असार ३२ गते, बुधवार वृक्षारोपण कार्यक्रम सम्पन्न गरेको छ।

नगर प्रमुख प्रदिप कुमार खड्काको सभापतित्वमा सम्पन्न कार्यक्रममा नगरका जनप्रतिनिधि देखि सर्वसाधारण सम्मको उल्लेखनीय सहभागिता देखिएको थियो।

नगर प्रमुख खड्काले कार्यक्रमलाई सम्बोधन गर्दै वातावरण संरक्षणलाई आजको अत्यावश्यक आवश्यकता भएको उल्लेख गर्दै भन्नुभयो, “हरित वातावरण सबैका लागि हो, त्यसका लागि सबैको प्रयास आवश्यक छ।” उहाँले वातावरणमैत्री योजना तथा अभियानहरूलाई निरन्तरता दिइने प्रतिबद्धता समेत जनाउनुभयो।

कार्यक्रममा उप-नगर प्रमुख रेणु झा तथा जिल्ला सभापति सुमनलाल कर्ण विशेष अतिथिको रूपमा सहभागी हुनु भयो। उनीहरूले वृक्षारोपणलाई औपचारिकतामा मात्र सीमित नराखी वातावरणीय उत्तर दायित्वका रूपमा लिनुपर्ने आवश्यकता औंल्याउँदै स्वच्छ तथा सुरक्षित वातावरणको जग बसाल्न यस्ता क्रियाकलापलाई संस्थागत गर्नुपर्ने धारणा व्यक्त गरे। कार्यक्रम अन्तर्गत नगर पालिकाको विभिन्न स्थानमा सयौं बिरुवा रोपिएको छ।

फलफूलका र बहुपयोगी जातका बिरुवाहरूलाई प्राथमिकता दिइएको कार्यक्रमले हरियाली

बाँकी पृष्ठ ३


नियमित रुपमा स्वास्थ्य जाँच गरौं ।

नियमित स्वास्थ्य परीक्षण किन ?

- प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न,

त्यसैले,

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं,
- स्वस्थ्य र निरोगी बनौं ।

सम्सी गाउँपालिका

महोत्तरी

नसर्ने रोगबाट बच्ने उपाय ।

- धुमपान र मद्यपान नगरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- मानसिक तनावबाट मुक्त रहौं,
- अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
- स्वस्थकर र सन्तुलित भोजन गरौं,
- नियमित स्वास्थ्य जाँच गरौं,

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ ।

गौशाला नगरपालिका, महोत्तरी




रामगोपालपुर नगरपालिका

महोत्तरी


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,